# सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सिम्लीं, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

☎सम्पर्क:९८५७८२४२५३
Email: info@sanibherimun.gov.np
sanibherimun@gmail.com


सानीभेरी गाउँपालिका अन्तर्गत नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन तथा बिक्री सम्बन्धी बोलपत्र आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८।०५।१८

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क) एवं सानीभेरी गाउँपालिका गाउँकार्यपालिकाको मिती २०७८।०५।१६गतेको निर्णय बमोजिम आर्थिक वर्ष २०७८।०७९ को लागि यस कार्यालयले तोकेको दर रेटको आधारमा वार्षिक न्यूनतम रकम बाट बढाबढ हुने गरी सानीभेरी गाउँपालिका क्षेत्रअन्तर्गत पर्ने देहायका शीर्षकमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले सोको लागि सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र बोलपत्र लिन चाहने व्यक्ति,फर्म वा कम्पनीबाट निम्नलिखित शर्तहरुको अधिनमा रही आफ्नो फर्ममा नवीकरण भएको प्रमाणपत्र, मुल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष २०७७।०७८ को कर चुक्ता प्रमाणपत्र तथा नविकरणको प्रतिलिपि पेश गरी रितपूर्वकको बोलपत्र आव्हान गरिएको छ।

भूपाल सिं विष्ट
प्रमुख प्रशासकीय अधिकृत

| ठेक्का नं | बोलपत्रको नाम | उत्खनन परिमाण (घन फिट) | न्यूनतम अङ्क (VAT बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| 01/SRM/078/079 | हासिबाङ देखि सिम्लीखोला खण्ड | ४००,००० | रु २०,००,०००। बीस लाख रुपैंया। | रु १०००-/ | कबोल अंकको ५ प्रतिशत |
| 02/SRM/078/079 | बाहुनीखेत देखि चाइनाबगर खण्ड | १६०,००० | रु. ८,०००००। आठ लाखरुपैंया। | रु १०००-/ | कबोल अंकको ५ प्रतिशत |
| 03/SRM/078/079 | गिठाकोटखोला देखि सिस्नेखोला खण्ड | २००,००० | रु. १०,०००००। दश लाख रुपैंया। | रु १०००-/ | कबोल अंकको ५ प्रतिशत |
| 04/SRM/078/079 | छोटेबगर देखि स्यालेबगर खण्ड | १६०,००० | रु. ८,०००००। आठ लाखरुपैंया। | रु १०००-/ | कबोल अंकको ५ प्रतिशत |
| 05/SRM/078/079 | नायखोला देखि रिम्ना दोभान खण्ड | १४०,००० | रु ७,०००००। रु सात लाखरुपैंया। | रु १०००-/ | कबोल अंकको ५ प्रतिशत |
| 06/SRM/078/079 | मैतीलोटे देखि वेल्टापु खण्ड | २००,००० | रु. १०,०००००। रु दश लाख रुपैंया। | रु १०००-/ | कबोल अंकको ५ प्रतिशत |

**बोलपत्र सम्बन्धी सर्तहरु**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको प्राविधिक शाखा बाट खरिद गर्न सकिनेछ र फाराम दस्तुर सनराइज बैंक सानीभेरी शाखाको आन्तरिक राजश्व खाता नम्बर ०७७०५३०७८७७०३००९ जम्मा गरेको बैंक सक्कल भौचर पेश गर्नु पर्नेछ। नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु

# सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क:९८५७८२४२५३
Email: info@sanibherimun.gov.np
sanibherimun@gmail.com


३१ औं दिन दिनको १२:०० बजे भित्र बोलपत्र दर्ता र सोही दिन १:०० बजे यस कार्यालयमा बोलपत्र दाताको रोहबरमा खोलिनेछ। बोलपत्र दाताहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

२. यस कार्यालयबाट प्रमाणित भएका बोलपत्र फारामहरु बोलपत्रदाता स्वयं वा रित पूर्वक लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ।

३. बोलपत्र फारम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर मूल्य अभिवृद्धि कर को प्रमाणपत्र तथा आर्थिक वर्ष २०७७।०७८ को कर चुक्ता प्रमाणपत्र तथा नविकरणको प्रतिलिपी पेश गर्नुपर्नेछ। व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र बोलपत्र दस्तुर वापत नगदै तिरेको रसिद वा बैंक जम्मा भौचर पेश गर्नुपर्नेछ।

४. बोलपत्र फाराम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग लेखी कम्तीमा ५% प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको सानीभेरी शाखाको सनराइज बैंकमा रहेको खाता नम्बर ०७७०५३०७८७७०३००४ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यताप्राप्त बैंकले यस कार्यालयको नाममा सोहि रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत पत्र शिलबन्दी बोलपत्रका साथ पेश गर्नुपर्नेछ। कबोल गरेको रकम अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।

५. यसपूर्व यस कार्यालयबाट कुनैपनि ठेक्का लिएर रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको बोलपत्र लाई मान्यता दिईने छैन। तर बोलपत्र पेश गर्नु भन्दा अगावै फरफारक गरेमा बोलपत्र पेश गर्न कुनै बाधा पर्ने छैन।

६. बोलपत्र स्वीकृत भई सकेपछि बोलपत्र दाताले मान्यताप्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७९ श्रावण मसान्त सम्म म्याद भएको रितपूर्वकको जमानी पत्र (Performance Bond) पेश गर्नुपर्नेछ।

७. स्वीकृत ठेक्का अंकलाई दुई चरणमा विभाजन गरिएको छ। पहिलो किस्ता ६० प्रतिशत र अन्तिम किस्ता ४० प्रतिशतमध्ये पहिलो किस्ता ६० प्रतिशत सम्झौताको बखत नगद दाखिला गरी र बाँकी ४० प्रतिशतको हकमा जमानत बापत् नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट मान्य हुने बैंक ग्यारेन्टी(Performance Bond) पेश गर्नुपर्नेछ ४० प्रतिशत रकमको किस्ता सम्झौता समयभित्र दाखिला गर्नुपर्ने छ।

८. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनकालागि लोडर, डोजर, एक्साभेटर जेसिवि र ६ चक्के टायर भएका भन्दा हेवि इक्विप्मेन्ट प्रयोग गर्न मिल्ने छैन।

९. ढुंगा गिट्टी बालुवा लगायत अन्य प्राकृतिक स्रोत साधनको उत्खनन तथा संकलन कार्य बेलुका सूर्यास्त देखि बिहान सूर्योदय सम्म गर्न पाइने छैन।

१०. प्राकृतिक स्रोत साधनको उपयोग तथा बिक्रीवितरण संकलन गर्ने प्रयोजनका लागि गाउँकार्यपालिका कार्यालयले आवश्यकता अनुसार डिपो निर्धारण गर्न सक्नेछ। साथै स्थानीय तहबाट निकासी गरी नदीजन्य पदार्थको निकासीकर सम्बन्धित डिपोमा बुझाउनुपर्नेछ।

११. उत्खनन गरिएको नदीजन्य पदार्थ खोलाको किनार वा सार्वजनिक स्थलमा घटगद्धि गर्न पाइने छैन। त्यसका लागि बोलपत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नुपर्नेछ।

१२. कुनैपनि बन्द, हडताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दाबी गर्न पाइने छैन। नदिजन्य पदार्थ उत्खनन संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा बोलपत्र दाताले व्यवस्थापन गर्नुपर्नेछ।

१३. माथि उल्लेखित शर्तहरु उल्लंघन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टी बाट असुलउपर गर्ने गरी कानुनी प्रक्रिया अपनाइने छ। साथै असुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपुर्ति समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

भूपाल सिं विष्ट
नि.प्रमुख प्रशासकीय अधिकृत

## बाँके डायरी
पवन जायसवाल/मध्यान्ह

# नेपालगञ्जमा मनोरञ्जन क्षेत्रलाई व्यवस्थित गरिने



बाँकेको नेपालगञ्जलाई मनोरञ्जन क्षेत्र व्यवस्थित बनाइने भएको छ। बाँके जिल्लाको नेपालगञ्ज उप-महानगरपालिकाले मनोरञ्जन तथा सत्कारका लागी यस क्षेत्रलाई थप व्यवस्थित बनाउन लागेको छ। मनोरञ्जन तथा सत्कार सेवा क्षेत्र व्यवस्थापन तथा अनुदानका लागि निर्देशिका निर्माण गर्न लागिएको छ। नेपालगञ्ज उप-महानगरपालिका मानव वेचविखन तथा ओसारपसार नियन्त्रण स्थानीय समितिको आयोजनामा बिहीबार निर्देशिकाको प्रारम्भिक मस्यौदा माथि छलफल भएको छ। जिल्ला प्रशासन कार्यालय, अधिकारको क्षेत्रमा कार्यरत रहेका संघ संस्था, होटल व्यवसायी संघ, नेपालगञ्ज उद्योग वाणिज्य संघका प्रतिनिधि सहितको छलफल कार्यक्रममा मस्यौदालाई छिटो भन्दा छिटो अन्तिम रुप दिएर जारी गर्नुपर्नेमा सहभागिहरुले जोड दिइएका छन्। कार्यक्रममा नेपालगञ्ज उप-महानगरपालिकाका उप-सचिव शोभा शाह, माईती नेपाल नेपालगञ्जका कार्यक्रम संयोजक केशव कोइराला, अधिकारकर्मी कमला पन्त लगायतले सहजिकरण गरेकी थिइन्।

बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले मनोरञ्जन क्षेत्रमा व्यवस्थित बनाउन जरुरी भएको बताएका थिए। मनोरञ्जन तथा सत्कार सेवाको रुपमा रहेका डान्स रेष्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लर, डान्स वार, क्याविन रेष्टुरेन्ट, खाजा घर र होटल व्यवस्थापन र कार्यरत श्रमिकहरुको हकहितका लागि निर्देशिका पनि छिट्टै ल्याउन लागिएको छ।

# वासको १८ औं वार्षिक साधारणसभा सम्पन्न




वासको १८ औं वार्षिक साधारण सभा तथा सामाजिक परीक्षण कार्यक्रम सम्पन्न भएको छ। सो वार्षिक साधारणसभामा आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रगति तथा आर्थिक प्रतिबेदन बास नेपाल नेपालगन्जले साधारण सभाबाट पारित गरेको छ। दिगो विकास र सुशासनमा प्रतिबद्धता हामी सबैको एक्यबद्धता भन्ने मूल नाराका साथ खजुरा गाउँपालिकाका अध्यक्ष किस्मत कुमार कक्षपतिको प्रमुख आतिथ्यतामा साधारण सभा सम्पन्न भएको हो।

साधारण सभामा वासले आर्थिक वर्ष २०७७/०७८ मा प्रस्तुत गरेको प्रगती प्रतिवेदन वासका कार्यकारी निर्देशक नमस्कार शाहले प्रस्तुत गरेका थिए भने आर्थिक प्रतिवेदन वासका केन्द्रीय कार्य वाहक कोषाध्यक्ष दिला शाहले प्रस्तुत गरेका थिए। यसरी प्रस्तुत गरिएको प्रतिबेदन माथि बन्द सत्रमा छलफल पश्चात सर्व सम्मतिबाट अनुमोदन गरिएको थियो। कार्यक्रममा बोल्दै कार्यक्रममा प्रमुख अतिथि खजुरा गाउँपालिकाका अध्यक्ष किस्मत कुमार कक्षपतिले समाज परिवर्तनको सवालमा बासको इतिहास अन्य संस्थाहरुको तुलनामा पृथक रहेको बताएका थिए।

सुशासन स्थापनाका लागि देशभरी युवा परिचालन गर्नु बासको सफलता रहेको उनको भनाई थियो। वासले सुशासनको अभियानसँगै कोभिड १९ को समयमा आफ्नो बलियो उपस्थिति प्रस्तुत गरेर सबै सामु अब्ब्ल सावित गरेको उनको भनाइ थियो। उनले देशभरी सञ्चालित विकास निर्माणमा समेत बासले खवरदारी गर्न उनले अपिल गरेका थिए। कार्यक्रममा बोल्दै बासका संस्थापक सल्लाहकार रुद्र प्रसाद तिमिल्सिनाले राष्ट्रिय सोच बोकेर युवाहरुले अभियान सञ्चालन गर्ने संस्था बिरलै हुने भन्दै त्यस मध्ये बास रहेको उनले बताए। वासले सामाजिक क्षेत्रमा गरेको योगदान सह्रानिय रहेको उनको भनाई थियो। यसै गरी कार्यक्रममा बोल्दै गैरसरकारी संस्था महासंघ बाँकेका सचिव आशिश वर्माले युवाहरुको सिर्जनशिलता र निरन्तरता वासको सफलता रहेको भन्दै त्यसलाई थप सशक्त रुपमा अगाडी बढाउन अपिल गरेका थिए। कार्यक्रममा सामुदायिक प्रहरी सेवा केन्द्र नेपालगन्जका अध्यक्ष दिपेन्द्र कुमार जोशी, नारी विकास केन्द्र खजुराका अध्यक्ष मिना श्रेष्ठ, बासका पूर्व सचिव ओबिराज आचार्य लगायतले आ-आफना शुभकामना राखेका थिए।

वासका केन्द्रीय महासचिव शिव कुमार वर्माले सञ्चालन गरेको कार्यक्रममा स्वागत बासका निर्वतमान अध्यक्ष मन भण्डारीले गरेका थिए। कार्यक्रमकाबीच वासले सक्रिय सदस्यता प्राप्त गरेका सदस्यहरुलाई सक्रिय सदस्यता वितरण गरेका थिए भने बर्दियाको ठाकुरद्धारामा भएको समिक्षा बैठकमा उत्कृष्ट प्रस्तुतीकरण गर्ने वासका कार्यक्रम संयोजक रबिन्द्र बोहरा, लेखा अधिकृत दिपा चौधरी र सिएफए जश्मिन शाह तथा एकल नृत्यमा उत्कृष्टता हासिल गर्ने कर्मचारी इब्राहिम खान र आस्ना चौधरीलाई प्रमाण-पत्र र नगद प्रदान गरिएको थियो। साधारण सभा तथा सामाजिक परीक्षणकाबीच वासले कोभिड १९ को समयमा गरेको मास्क अभियान र कोभिड १९ प्रतिकार्यमा भएको आम्दानी तथा खर्च सार्वजनिकीकरण गरी साधारण सभाबाट पारित गरिएको थियो।

## शुरू...

यसबाहेक मनोनित हुनेको संख्या थप रहेको छ। त्यस्तै देशभरका वडाबाट एक लाख १४ हजार ५७५ क्षेत्रीय प्रतिनिधि निर्वाचित हुनेछन्।

कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले बाँकी २१ जिल्लाको क्रियाशील सदस्यता नामावली क्रमशः प्रकाशित हुँदै जाने र यही भदौ २७ गते निर्धारित गाउँ/नगरपालिका अधिवेशनसम्म सबै वडाको अधिवेशन सम्पन्न हुने बताए। कांग्रेसको सूचना सञ्चार तथा प्रचार विभागले वडा अधिवेशन आवश्यक प्रक्रिया तथा अन्य सूचनाबारेमा सुसूचित गर्न दृश्य सामग्री प्रसारण गरेको छ।

कांग्रेसको विधानमा टोल, वडा, गाउँपालिका/नगरपालिका, प्रदेशसभा निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला कार्यसमिति, प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमिति गरी आठ तहगत पार्टी संरचनाका व्यवस्था गरिएको छ।

कांग्रेसले १४ औं महाधिवेशनअन्तर्गत गाउँ/नगर वडा अधिवेशन यही भदौ १८ गते, गाउँ/नगरपालिका अधिवेशन भदौ २७ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामी असोज १ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते तोकेको छ। यसैगरी कांग्रेसले एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १० गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मंसिर ९ देखि १३ गतेसम्म तय गरेको छ।

## प्रन्या...

पनि राकिएको छ। आदेशमा प्रधानन्यायाधीश संवैधानिक इजलासमा बस्न नहुने कारणसहितको लिखित जवाफ १५ दिनभित्र पेश गर्न र राष्ट्रिय महत्वको विषय भएको हुनाले लिखित जवाफ परेको तेस्रो दिनमा पेसी चढाउन आदेशमा भनिएको छ। संवैधानिक विषयको महत्वलाई ध्यानमा राखेर सर्वोच्च बार र नेपाल बार एसोसिएसनबाट दुई/दुई जना वरिष्ठ अधिवक्ता अदालतको सहयोगी (एमीकस क्युरी) उपस्थिति गराउन आदेशमा भनिएको छ।

अधिवक्ता डा गणेश रेग्मीले नेपालको संविधानअनुसार प्रधानन्यायाधीश संवैधानिक इजलासमा बस्न पाउनुपर्ने आदेशको माग गर्दै रिट निवेदन दायर गर्नुभएको थियो। उक्त रिट निवेदनमाथिको सुनुवाइपछि अदालतले सो आदेश जारी गरेको हो।

## एनआरएनएको ....

दिँदै कोरोना भाइरस महामारीको क्रममा प्रतिकुलताका बीच पनि धेरै काम गरेको भन्दै त्यसले गैर आवासीय नेपाली संघको प्रतिष्ठा मलेसियामा उच्च बनाएको उनले बताए। भट्टराईले प्रतिकुलताका बीच पनि कोभिडको समयमा ६ हजार ३ सयभन्दा बढी नेपालीलाई राहत तथा उद्धार गरेको, जेलमा रहेका ७० जनाभन्दा बढीलाई स्वदेश फर्काएको, आफ्नो नेतृत्वमा १५ लाख रुपैयाँ संकलन गरी कल्याणकारी कोष बनाएको, एनआरएनए मलेसियाको स्थापना गरेको फेहरिस्त प्रस्तुत गरे। उनले भने, 'गर्नुपर्ने धेरै काम कोभिडका कारण बाँकी छन्, अब डिआरसी पदमा विजयी भएपछि कामदारका मुद्दा समाधान गर्न संस्थागतरुपमा सकिन्छ भन्ने विश्वास छ।'

आफ्नो उम्मेद्वारीप्रति एनआरएन मलेसियाको वर्तमान कार्यसमितिले सर्वसम्मत समर्थन जनाएको र एसिया प्यासिफिक क्षेत्रबाट पनि मत आउने भएकाले जित सुनिश्चित भएको पनि उनले बताए।

दुई उपसंयोजक पदमा निर्वाचन हुने एसिया प्यासिफिक क्षेत्रमा मलेसियाबाट नै विश्व राईले उम्मेदवारी घोषणा गरेका छन्।

पत्रकार सम्मेलनमा ९ वटा प्रतिवद्धताहरु सार्वजनिक गरेका भट्टराईले हरेक गतिविधिहरुलाई कामदारमैत्री बनाई व्यापारिक तथा आर्थिक सम्बन्ध विस्तार गर्न पहल गरिने, कोभिडका कारण रोजगार गुमाएका वा समस्यामा परेका, विरामी तथा जेलमा रहेका नेपालीलाई निःशुल्क स्वदेश पठाउन, रोजगारका लागि पहल गर्न तथा सहयोगका लागि पहल गरिने प्रतिवद्धता जनाएका छन्।

त्यसैगरी उनले नेपाली कामदारका अन्य प्रमुख श्रम गन्तव्य मलेसियासहित जापान, दक्षिण कोरियालगायतका देशमा रहेका नेपाली कामदारहरुलाई फाइदा पुग्ने गरी रोजगारी सहज बनाउन पहल गर्ने बताए।

उनले नेपाली कामदार जाने देशमा हवाई टिकट महँगो भएकाले सस्तो र सुलभ बनाउन पहल गर्नेलगायतका प्रतिबद्धता सार्वजनिक गरे। करिब ३ लाखको हाराहारीमा नेपाली कामदार रहेको मलेसियामा कोरोना भाइरसको माहामारीपछि करिब ६० हजार नेपाली स्वदेश फर्किएको बताए।

## अफगानिस्तानबाट...

गरी व्यवस्थापन गरिएको छ। अफगानिस्तानमा रहेकाहरूलाई कन्सुलर सेवा विभागको वेबसाइटमा रहेको 'अनलाइन पोर्टल' तथा विभाग, परराष्ट्र मन्त्रालय, मन्त्रालयको 'सिचुएशन रुम' र नयाँदिल्लीस्थित नेपाली दूतावासमा आफ्नो नामसहितको विवरण दर्ता गराउन पनि मन्त्रालयले अनुरोध गरिएको छ। उता बैतडीका एक नेपालीको मलेसियामा मृत्यु भएको छ। मृत्यु हुनेमा बैतडीको दोगडाकेदार गाउँपालिका-४ श्रीकेदारका ३३ वर्षीय गोपालसिंह बिष्ट रहेका छन्।

सेक्युरिटी गार्डका रुपमा कार्यरत रहेका बिष्टको ड्युटीमा खटिएकै बेला मृत्यु भएको त्यहाँबाट दिनेश खड्काले जानकारी दिए। कावालान केशलामातान अनुग्रह सेक्युरिटी कम्पनीमा कार्यरत रहेका बिष्ट केलाङ लामा रोडमा ड्युटीमा खटिएका थिए। बुधबार खाना खाएर ड्युटीमै रहेका बेला एक्कासी ढलेका र ढलेको एकछिनमै उनको मृत्यु भएको खड्काको भनाइ छ।

बिष्टको के कारण मृत्यु भयो भन्ने खुल्न सकेको छैन। उनको शव परीक्षणका लागि क्वालालम्पुर अस्पतालमा राखिएको छ। बिष्टको कोरोना परीक्षणपश्चात शव परीक्षण गरिने जनाइएको छ। रोजगारीका लागि उनी तीन वर्ष अगाडि प्रोफेसनल म्यानपावर कम्पनीमार्फत मलेसिया गएका थिए।

## दार्चुला तुइन प्रकरण

# कूटनीतिक पहल गर्न परराष्ट्रलाई गृहको पत्र

काठमाडौं/मस-महाकाली नदी पार गर्ने क्रममा भारतीय सशस्त्र सीमा बल 'एसएसबी'का जवानले तुइनको लट्ठा खुस्काइदिएपछि नेपालीको मृत्यु भएको विषयमा गृह मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई पत्राचार गरेको छ। लट्ठा खुस्काउँदा नेपाली युवा जयसिंह धामी बेपत्ता भएको घटनाको अनुसन्धान र पीडितलाई उचित क्षतिपूर्ति भराउने गरी भारतसँग कूटनीतिक पहलका लागि गृहले पत्र पठाएको हो। कूटनीतिक पहलका लागि गरिने विषयबारे आन्तरिक समीक्षा, परामर्शपछि गृहले परराष्ट्रलाई पत्राचार गरेको हो।

सहसचिव जनार्दन गौतमको संयोजकत्वमा गठिन छानविन समितिले एसएसबीका जवानले तुइनको लट्ठा खुस्काएका कारण उक्त घटना भएको भन्दै अपराधमा संलग्नलाई भारतबाटै अनुसन्धान गरी कारबाहीको दायरामा ल्याउन र धामीका परिवारलाई उचित राहत तथा क्षतिपूर्ति दिलाउन कूटनीतिक पहल अघि बढाउन सुझाव दिएको थियो।

गत साउन १५ गते भारतको पाङला गाउँ नजिकै गस्कु इलाकामा खटिएका एसएसबीका जवानले लट्ठा खुस्काउँदा दार्चुला ब्यास गाउँपालिका-२ का ३३ वर्षीय धामी महाकालीमा खसेर बेपत्ता भएका थिए। उनको अवस्था अहिलेसम्म अज्ञात छ। घटनापछि गृह मन्त्रालयले साउन १७ गते छानविन समिति गठन गरेको थियो। समितिले मंगलबार मात्रै गृहमन्त्री बालकृष्ण खाँणलाई प्रतिवेदन बुझाएको थियो।

**सत्यतथ्य सार्वजनिक गर्न एमालेको माग**

नेकपा (एमाले)ले जयसिंह धामी बेपत्ता भएको तुइन घटनाका सम्बन्धमा बुझाइएको प्रतिवेदन अस्पष्ट रहेकाले सत्यतथ्य सार्वजनिक गर्न माग गरेको छ। एमालेका प्रवक्ता प्रदीप ज्ञवालीले बिहीबार विज्ञप्ति जारी गर्दै घटनाका सम्बन्धमा प्रतिवेदन बुझाइएकोले त्यससम्बन्धी सत्यतथ्य सार्वजनिक गर्न माग गरेका हुन्। उनले दोषीलाई कारवाही र पीडित परिवारलाई न्याय सुनिश्चित गर्न मागसमेत गरेका छन्। धामीका सम्बन्धमा गृहमन्त्रालयका सहसचिव जनार्दन गौतमको संयोजत्वमा गठित छानविन समितिले यही १५ भदौमा गृहमन्त्री बालकृष्ण खाँणलाई प्रतिवेदन बुझाएको थियो।


## सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

**सानीभेरी गाउँपालिका अन्तर्गत नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन तथा बिक्री सम्बन्धी बोलपत्र आव्हान गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७८।०५।१८**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) एवं सानीभेरी गाउँपालिका गाउँकार्यपालिकाको मिती २०७८।०५।१६ गते को निर्णय बमोजिम आर्थिक वर्ष २०७८।०७९ को लागि यस कार्यालयले तोकेको दर रेटको आधारमा वार्षिक न्यूनतम रकम बाट बढाबढ हुने गरी सानीभेरी गाउँपालिका क्षेत्रअन्तर्गत पर्ने देहायका शीर्षकमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले सोको लागि सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र बोलपत्र लिन चाहने व्यक्ति, फर्म वा कम्पनीबाट निम्नलिखित शर्तहरुको अधिनमा रही आफ्नो फर्ममा नवीकरण भएको प्रमाणपत्र, मुल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष २०७७।०७८ को कर चुक्ता प्रमाणपत्र तथा नविकरणको प्रतिलिपी पेश गरी रितपूर्वकको बोलपत्र आव्हान गरिएको छ।

| ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घन फिट) | न्यूनतम अङ्क (VAT बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| 01/SRM/078/079 | हासिबाङ देखि सिम्लीखोला खण्ड | ४००,००० | रु.२०,००,०००। बीस लाख रुपैंया। | रु १०००/- | कबोल अंकको ५ प्रतिशत |
| 02/SRM/078/079 | बाहुनीखेत देखि चाइनाबगर खण्ड | १६०,००० | रु. ८,०००००। आठ लाख रुपैंया। | रु १०००/- | कबोल अंकको ५ प्रतिशत |
| 03/SRM/078/079 | गिठाकोटखोला देखि सिस्ने खोला खण्ड | २००,००० | रु. १०,०००००। दश लाख रुपैंया। | रु १०००/- | कबोल अंकको ५ प्रतिशत |
| 04/SRM/078/079 | छोटेबगर देखि स्यालेबगर खण्ड | १६०,००० | रु. ८,०००००। आठ लाख रुपैंया। | रु १०००/- | कबोल अंकको ५ प्रतिशत |
| 05/SRM/078/079 | नायखोला देखि रिम्ना दो भान खण्ड | १४०,००० | रु ७,०००००। सात लाख रुपैंया। | रु १०००/- | कबोल अंकको ५ प्रतिशत |
| 06/SRM/078/079 | मैतीलोटे देखि वेल्टापु खण्ड | २००,००० | रु. १०,०००००। दश लाख रुपैंया। | रु १०००/- | कबोल अंकको ५ प्रतिशत |

**बोलपत्र सम्बन्धी सर्तहरु**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको प्राविधिक शाखाबाट खरिद गर्न सकिनेछ र फाराम दस्तुर सनराइज बैंक सानीभेरी शाखाको आन्तरिक राजश्व खाता नम्बर ०७७०५३०७८७७०३००९ जम्मा गरेको बैंक सक्कल भौचर पेश गर्नुपर्नेछ। नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु ३१औं दिन दिनको १२:०० बजे भित्र बोलपत्र दर्ता र सोही दिन १:०० बजे यस कार्यालयमा बोलपत्र दाताको रोहबरमा खोलिनेछ। बोलपत्र दाताहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
२. यस कार्यालयबाट प्रमाणित भएका बोलपत्र फारामहरु बोलपत्रदाता स्वयं वा रित पूर्वक लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ।
३. बोलपत्र फारम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर मूल्य अभिवृद्धि करको प्रमाणपत्र तथा आर्थिक वर्ष २०७७।०७८ को कर चुक्ता प्रमाणपत्र तथा नविकरणको प्रतिलिपी पेश गर्नुपर्नेछ। व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र बोलपत्र दस्तुर वापत नगदै तिरेको रसिद वा बैंक जम्मा भौचर पेश गर्नुपर्नेछ।
४. बोलपत्र फाराम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग लेखी कम्तीमा ५% प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको सानीभेरी शाखाको सनराइज बैंकमा रहेको खाता नम्बर ०७७०५३०७८७७०३००४ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा सोहि रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत पत्र शिलबन्दी बोलपत्रका साथ पेश गर्नुपर्नेछ। कबोल गरेको रकम अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।
५. यसपूर्व यस कार्यालयबाट कुनैपनि ठेक्का लिएर रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन। तर बोलपत्र पेश गर्नु भन्दा अगावै फरफारक गरेमा बोलपत्र पेश गर्न कुनै बाधा पर्ने छैन।
६. बोलपत्र स्वीकृत भई सकेपछि बोलपत्र दाताले मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७९ श्रावण मसान्तसम्म म्याद भएको रितपूर्वकको जमानी पत्र (Performance Bond) पेश गर्नुपर्नेछ।
७. स्वीकृत ठेक्का अंकलाई दुई चरणमा विभाजन गरिएको छ। पहिलो किस्ता ६० प्रतिशत र अन्तिम किस्ता ४० प्रतिशतमध्ये पहिलो किस्ता ६० प्रतिशत सम्झौताको बखत नगद दाखिला गरी र बाँकी ४० प्रतिशतको हकमा जमानत बापत नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट मान्य हुने बैंक ग्यारेन्टी (Performance Bond) पेश गर्नुपर्नेछ ४० प्रतिशत र कमको किस्ता सम्झौता समयभित्र दाखिला गर्नुपर्ने छ।
८. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनकालागि लोडर, डोजर, एक्साभेटर जेसिवि र ६ चक्के टायर भएका भन्दा हेवि इक्विप्मेन्ट प्रयोग गर्न मिल्ने छैन।
९. ढुंगा गिट्टी बालुवा लगायत अन्य प्राकृतिक स्रोत साधनको उत्खनन तथा संकलन कार्य बेलुका सूर्यास्त देखि बिहान सूर्योदय सम्म गर्न पाइने छैन।
१०. प्राकृतिक स्रोत साधनको उपयोग तथा बिक्री वितरण संकलन गर्ने प्रयोजनका लागि गाउँकार्यपालिका कार्यालयले आवश्यकता अनुसार डिपो निर्धारण गर्न सक्नेछ। साथै स्थानीय तहबाट निकासी गरी नदीजन्य पदार्थको निकासी कर सम्बन्धित डिपोमा बुझाउनुपर्नेछ।
११. उत्खनन गरिएको नदीजन्य पदार्थ खोलाको किनार वा सार्वजनिक स्थलमा घटगद्धि गर्न पाइने छैन। त्यसका लागि बोलपत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नुपर्नेछ।
१२. कुनैपनि बन्द, हडताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दाबी गर्न पाइने छैन। नदीजन्य पदार्थ उत्खनन संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा बोलपत्र दाताले व्यवस्थापन गर्नुपर्नेछ।
१३. माथि उल्लेखित शर्तहरु उल्लंघन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टी बाट असुलउपर गर्ने गरी कानुनी प्रक्रिया अपनाइने छ। साथै असुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपुर्ति समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

**भूपाल सिं विष्ट**
**प्रमुख प्रशासकीय अधिकृत**